वर्ष १३ अंक ९३, २०७५ कार्तिक १८ गते आइतबार, नेपाल सम्वत ११३८ LOKWANI DAILY Sunday 4, Nov, 2018 पृष्ठ संख्या ४ मुल्य रु. ५।-

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

राष्ट्रिय दैनिक

फेसबुकमा : www.facebook.com/lokwani.daily

बोक्सा बोक्सी भनी अन्धविश्वासमा नलागौं, रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# वेदव्यास भूमिलाई धामको रुपमा विकास गर्नुपर्छ : मन्त्री गुरुङ

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १७**

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले महर्षि वेदव्यासको जन्मूमि दमौलीलाई पवित्र धामको रुपमा विकास गर्नुपर्नेमा जोड दिएका छन् ।

वेद अनुयायी प्रतिष्ठान तनहुँको आयोजनामा तनहुँको दमौलीस्थित व्यास गुफा क्षेत्रमा जारी विश्व ओमकार तथा हिन्दु महामिलन पर्वमा शनिबार सहभागी हुँदै मन्त्री गुरुङले वेदव्यास भूमिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्नुपर्ने बताए ।

वेदव्यास भूमिको विकासका लागि प्रदेश सरकार तत्पर रहेको बताउँदै प्रदेशको नीति तथा कार्यक्रममा समेत यो क्षेत्रलाई समेटिएको जानकारी दिए । 'वेदव्यास भूमिलाई धार्मिक आस्थाको केन्द्र बनाउन चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा यो क्षेत्रलाई समेटिएको छ,' उनले भने ।



मन्त्री गुरुङले गण्डकी प्रदेश अन्तर्गतका त्रिवेणीधाम, देवघाटधाम, मुक्तिनाथधाम, गलेश्वरधाम लगायतलाई प्रदेश सरकारले विशेष चासोका साथ हेरिरहेको समेत बताए । गण्डकी प्रदेश धार्मिक हिसाबले धनी रहेको चर्चा गर्दै मन्त्री गुरुङले प्रदेशलाई धार्मिक पर्यटनको केन्द्र बनाउन सकिने धारणा राखे ।

गण्डकी प्रदेशबाटै धार्मिक, सांस्कृतिक विविधताको उत्पत्ति भएको भन्दै उनले धार्मिक र सांस्कृतिक कुरालाई सुन्दर समाज निर्माण गर्ने अभियानसँग जोड्नुपर्ने बताए । नेपाल एकीकरणको थालनी गण्डकी प्रदेशबाटै शुरु भएकोमा जोड दिँदै उनले नयाँ नेपाल निर्माणको थालनी पनि यही प्रदेशबाटै हुने दावी गरे ।

सबै धर्मको उद्धेश्य मानव जातिको कल्याण नै रहेको चर्चा गर्दै उनले थपे, 'धर्मका नाममा गलत क्रियाकलाप पनि भइरहेको छ, तर धर्मले दुःख दिने उद्धेश्य कहिल्यै राख्दैन । सबै धर्मले मानिसको कल्याण नै चाहन्छ ।' मन्त्री गुरुङले जाति र धर्मका हिसाबले विविधता भएपनि हामी सबै नेपाली नै रहेको चर्चा गर्दै धर्मका कारण सामाजिक सद्भाव विकास भएको बताए ।

### महामिलन पर्वमा भक्तजनको घुइँचो

कात्तिक १ गतेदेखि शुरु भएको महामिलन पर्वमा भक्तजनको दैनिकजसो घुइँचो लाग्ने गरेको छ ।

(बाँकी पृष्ठ ३ मा)

# गैसस महासंघको अध्यक्षमा भट्टराई

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १७**

गैरसरकारी संस्था महासंघ नेपाल तनहुँ शाखाको अध्यक्षमा प्रकाशचन्द्र भट्टराई निर्वाचित भएका छन् ।




शाखाको शुक्रबार दमौलीमा सम्पन्न छैंठौ अधिवेशन तथा १८ औं साधारणसभाले भट्टराईको अध्यक्षतामा ११ सदस्यिय नयाँ कार्य समिति चयन गरेको छ ।

संस्थागत प्रतिनिधित्व हुने महासंघको उपाध्यक्षमा सरलादेवी श्रेष्ठ, सचिवमा मनबहादुर रुचाल र कोषाध्यक्षमा सरस्वती सिग्देल चयन भएका छन् । त्यसैगरि सदस्यहरुमा रामनाथ भट्टराई, कृष्णराज पन्थ, किरण ढकाल, कान्छीमाया तामाङ्ग, श्रीराम कडेल, थममाया विक र निवर्तमान अध्यक्ष रामलिला सुवर्णकार रहेका छन्।

अधिवेशनको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले उद्घाटन गरेका थिए । सो अवसरमा बोल्दै प्रमुख वाग्लेले गैससहरु

(बाँकी पृष्ठ ३ मा)

# सहकारी सामाजिक जीवनको अभिन्न अंग : न्यौपाने

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १७**

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले सहकारी संस्थाहरु सामाजिक जीवनको अभिन्न अंग भएको बताएका छन् ।

दमौली स्थित गण्डकी बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडको १४ औं साधारणसभाको शनिवार उद्घाटन गर्दै नगरप्रमुख न्यौपानेले सहकारी क्षेत्रको महत्व वारे कोहीपनि अनविज्ञ नरहेको चर्चा गरे ।



जनताले जुन सहकारीमा विश्वास गरेका छन् त्यस्ता सहकारी संस्थाले जनताको विश्वशनीयतालाई गुम्न दिन नहुने कुरामा जोड दिँदै न्यौपानेले कसरी जनताको पक्षमा काम गरेर विश्वास आर्जन गर्न सकिन्छ त्यसलाई सहकारीले सोच्नुपर्ने बताए ।

आन्तरिक व्यवस्थापनलाई सुदृढ बनाई कार्यसमिति, कर्मचारी र शेयर सदस्यहरु एक भएर अगाडी बढ्ने हो भने सहकारीको विकासमा समय नलाग्ने प्रमुख न्यौपानेको कथन थियो । न्यौपानेले कानुनी व्यवस्था अनुसार सहकारी संस्थाहरु पनि मर्ज गरेर अगाडी बढ्नुपर्ने अहिलेको आवश्यकता भएको चर्चा गरे ।

व्यास नगरपालिका वडा नम्वर ३ का वडा अध्यक्ष प्रेम कुमार श्रेष्ठले

(बाँकी पृष्ठ २ मा)

# राष्ट्रसेवक सहकारीमा वाग्ले

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १७**

राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुनः बलभद्र वाग्ले निर्वाचित भएका छन् । शुक्रबार दमौलीमा सम्पन्न छैंठौं अधिवेशन तथा दशौं साधारणसभाबाट वाग्ले अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् ।



अधिवेशनबाट सहकारीको उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा

(बाँकी पृष्ठ ४ मा)




## मित्रता स्वास्थ्य क्लिनिकको सूचना

विगत लामो समयदेखि काठमाडौं वीर अस्पतालमा कार्यरत पेट, छाती, मुटु, मधुमेह तथा थाइराइड रोग विशेषज्ञ **डा. सुनिल पौडेल**द्वारा दैनिक स्वास्थ्य परीक्षण गरिन्छ।

*पुनश्च : श्वास फेर्न गाह्रो हुने, छाती दुख्ने, सुगर तलमाथि भएका तथा थाइराइड विरामीले सम्पर्क गर्नुहोला ।*

समय : बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेपछि

MBBS (KU), MD, Internal Medicine (NAMS, Bir Hospital) NMC No 7808

**मित्रता स्वास्थ्य क्लिनिक**

व्यास-३ अनसचौतारी, दमौली, तनहुँ
फोन : ०६५-५६२६०७,
मोवाइल : ९८१६१६८४८८, ९८४१४७९०५८

**हाम्रा सेवाहरु : दैनिक विरामी जाँच, प्रसुति तथा स्त्रीरोगको विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा, ड्रेसिङ, प्लाष्टर परिवार नियोजन परामर्श सेवा, सुरक्षित गर्भपतन, एक्सरे, भिडियो एक्सरे, इसिजि सेवा, माइनर अप्रेशन, फार्मेसी सेवा, साथै अन्य सेवाहरु र उचित परामर्श**

## लोकप्रिय स्वास्थ्य क्लिनिकको सूचना

**२०७५ कार्तिक १७ गते शनिबार**

१)काठमाडौं मेडिकल कलेज सिनामंगलमा कार्यरत वरिष्ठ छाला यौनरोग तथा सौन्दर्य विशेषज्ञ **डा. प्रसन्नराज श्रेष्ठ**द्वारा स्वास्थ्य परीक्षण ।

**२०७५ कार्तिक २४ गते शनिबार**

१) पद्म नर्सिङ होम पोखराका वरिष्ठ नाक, कान, घाँटीरोग विशेषज्ञ **डा. कुलदिप नारायण अग्रहरि**द्वारा स्वास्थ्य परीक्षण ।

**एम्बुलेन्सका लागि सम्पर्क नम्बर :**
**९८२६१६८६३३/९८४६०५५८४२**

**लोकप्रिय स्वास्थ्य क्लिनिक**

व्यास-२, गणेशमानचोक, दमौली (सम्पर्क : ०६५-५६२३८२, ९८४१३२२३५९)

लोकतान्त्रिक गणतन्त्र प्रति समर्पित
लोकवाणी
दैनिक

**संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)**

## सम्पादकीय.......

# महोत्सवमा सबैको सहमति होस्

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद तनहुँको आयोजनामा यही कार्तिक ३० गतेबाट दमौली खेल मैदानमा आयोजना गरिएको आदिवासी जनजाति सांस्कृति महोत्सवको विषयमा व्यापारिक क्षेत्रबाट केही असन्तुष्टि सार्वजनिक भएको छ । महोत्सवमा राखिएका केही व्यापारिक स्टलहरुको कारण आफ्नो व्यवसाय चौपट भएको भन्दै केही व्यवसायीहरुले महोत्सवमा व्यापारिक स्टलहरु राखिन नहुने माग गरेका छन् । यसैको विरोधमा व्यापारीहरुले शुक्रबार दमौलीका पसलहरु बन्द गराए । सुरुमा स्वतःस्फुर्तरुपमा व्यवासीहरु विरोधमा उत्रेको देखिएपनि पछि त्यसको स्वामित्व तनहुँ उद्योग वाणिज्य संघ दमौली बजार इकाईले लियो । विशेषगरि जाडोको याम सुरु हुनै लाग्दा आयोजना गरिएको महोत्सवमा जाडोको कपडा, ब्लान्केट तथा भाँडाका सामाग्रीहरु विक्री गरिँदा चर्को मूल्य तिरेर सटर भाडामा लिई व्यवसाय गर्नेहरुलाई प्रत्यक्ष असर पर्ने व्यापारीहरुको गुनासो छ । गत वर्ष पनि यही समयमा जनजाति महासंघले नै महोत्सवको आयोजना गरेको थियो । सो महोत्सवमा पनि जाडोको कपडाहरु व्यापक मात्रामा विक्री गरिँदा दमौलीका व्यापारीहरुलाई निकै असर परेको थियो । सोही कारण अहिले महोत्सवको तयारीकै क्रममा व्यापारीहरुले विरोध गरेका छन् । व्यापारीहरुको तर्फबाट हेर्दा यो माग र उनीहरुको गुनासो स्वभाविक मान्न सकिन्छ तर आम उपभोक्ता बजारमा चर्को मूल्य तिरेर न्यानोको कपडा किन्न सक्ने हैषियतका पनि छैनन् । कहिले महोत्सव आयोजना होला र न्यानोको कपडा किनौंला भनेर दिन गनेर बस्ने उपभोक्ताहरु दमौलीमा प्रसस्त छन् ।

हुन पनि महोत्सवमा विक्री गरिने कपडा र बजारको कुनै पसलमा विक्री गरिने त्यही गुणस्तरको कपडामा धेरै नै मुल्यको अन्तर पर्छ । यसरी आम उपभोक्ताको हितमा हेर्दा महोत्सव फाईदा जनक नै छ । तर सवाल समग्र महोत्सवको सफलतासँग पनि जोडिएको छ । दमौलीका व्यवसायी नै यसरी महोत्सवको विरोधमा बजारमा उत्रिँदा त्यसले पक्कै पनि राम्रो सन्देश दिँदैन । दमौलीमा यस अघि देखि नै सहमतिमा महोत्सवहरु हुँदै आएका छन् । कहिले तनहुँ उद्योग वाणिज्य संघ, कहिले उद्योग वाणिज्य संघ बजार इकाई त कहिले आदिवासी जनजाति महासंघले महोत्सव आयोजना गर्दै आएका छन् । तर यस अघिका कुनै पनि महोत्सवहरु विवादित बनेनन् । अहिले जनजाति महासंघले आयोजना गरेको महोत्सवको विरोधको अगुवाई गर्ने तनहुँ उद्योग वाणिज्य संघ दमौली बजार इकाईले पुस अन्तिम साता आफैले आयोजना गरेको महोत्सवको सहयोग माग्नु नैतिक रुपमा कति राम्रो देखिएला ? यो सोचनिय विषय हो । त्यसैले पनि एक अर्का संस्थाले आयोजना गरेको महोत्सवको विरोध गर्नु भन्दा पनि दमौलीका व्यवसायीहरुले उठाएको जायज मागको सम्बोधन गरि महोत्सवमा सहयोग गर्नु नै सबैको हितमा छ ।

# फेन्सी र भाडाका स्टल रहित महोत्सव सञ्चालन गर्न व्यवसायीको माग

**लोकवाणी संवाददाता**
**दमौली, कार्तिक १७**

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् तनहुँले कात्तिक ३० गतेदेखि गर्न लागेको महोत्सवलाई फेन्सी र भाडाका स्टलरहित महोत्सव बनाउन व्यवसायीले माग गरेका छन् ।

महोत्सवको तयारी तीव्र गतिमा चलिरहेको बेला अन्तिम समयमा आएर तनहुँ उद्योग वाणिज्य संघ दमौली बजार इकाईले महोत्सवलाई स्टल रहित बनाउन माग गरेको हो । महोत्सवलाई स्टलरहित बनाउनुपर्ने माग सहित दमौली बजार इकाईले शुक्रबार केही बेर दमौली बजार बन्द समेत गऱ्यो । महोत्सवमा व्यवसायका स्टल राखिदिँदा दमौली बजारका व्यवसायीलाई मर्का परेको भन्दै उनीहरुले जनजाति महोत्सवलाई जनजातिको कला, संस्कृति संरक्षणका हिसाबले सञ्चालन गर्न आग्रह गरेका छन् ।

विवाद समाधान गर्न व्यास नगरपालिकामा आयोजित भेलामा तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष मानकाजी श्रेष्ठले फेन्सी र भाडाका स्टल महोत्सव नराख्न आग्रह गरे । उनले महोत्सवलाई सहयोग गर्न उद्योग वाणिज्य संघ तयार रहेको भन्दै महोत्सवलाई संस्कृति संरक्षणको रुपमा लैजान समेत माग गरे ।

नेपाल आदिवासी जनजाति महासंघ तनहुँकी अध्यक्ष बसुन्धरा घर्तीले समय हुँदै यस विषयमा आवाज उठेको भए सोच्न सकिने भएपनि अहिले अन्तिम समयमा आएर यस्तो माग राख्नु उचित नहुने बताइन् । आफूहरुले आदिवासी जनजाति संग्रहालय निर्माण गर्ने उद्धेश्य सहित महोत्सव आयोजना गर्न लागेको त्यसले भविष्यमा व्यवसायीलाई नै फाइदा पुग्ने बताइन्।

महोत्सव गर्ने सन्दर्भमा व्यास नगरपालिकामा आयोजित सर्वपक्षीय बैठकमा यस वर्ष जनजाति महासंघले महोत्सव गर्ने सहमति भएको समेत उनको भनाई थियो । 'महोत्सवको सोच र उद्धेश्य दीर्घकालिन रहेको छ,' उनले भनिन्, 'आदिवासी जनजाति संग्रहालय निर्माण पछि त्यसको प्रत्यक्ष फाइदा यहाँका व्यवसायीलाई नै हुन्छा'

जनजाति महासंघ तनहुँका निवर्तमान अध्यक्ष दीर्घ बहादुर दरैले अन्तिम समयमा आएर विरोध गर्नुको औचित्य नभएको भन्दै जे कुराको पनि विरोध गर्ने सही समय हुने बताए । 'आदिवासी जनजाति संग्रहालय बनेपछि दमौलीमा हजारौं पर्यटक भित्रिन्छन्, त्यो बेलाको फाइदा भनेको त यहीको व्यवसायीलाई नै हो,' उनले भने ।

**सहमति गर्न नगर प्रमुखको सुझाव**

व्यास नगरपालिका नगर प्रमुख बैकुण्ठ न्यौपानेले विवादको समाधान गर्न दुवै पक्षलाई आग्रह गरेका छन् । जनजाति महासंघ र उद्योग वाणिज्य संघलाई निष्कर्षमा पुग्ने गरी सहमति गर्न न्यौपानेले सुझाव दिए । न्यौपानेले एउटा पक्षले हार्ने भन्दा पनि दुवै पक्षले जित्ने गरि सहमति गर्न सुझाव दिएका छन् ।

# शुक्लागण्डकीमा शुभकामना आदानप्रदान कार्यक्रम

**कमलमोहन घिमिरे**
**खैरेनीटार, कार्तिक १७**

शुक्लागण्डकी नगरपालिका वडा नम्बर ६ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम




शुक्रबार खैरेनीटारमा सम्पन्न भएको छ ।

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य केदार सिग्देलले हरेक धर्म संस्कृतिका समुदायले एकअर्काको धर्म संस्कृतिलाई सम्मान गर्नुपर्ने बताए।

कार्यक्रममा गण्डकी प्रदेश सदस्य आशा कोईराला, वरिष्ठ राजनीतिज्ञ शेषमणी आचार्य, नेकपा जिल्ला संयन्त्रका सदस्य राजेन्द्र केशरी न्यौपाने, शुक्लागण्डकी नगरपालिकाकी उपप्रमुख सविता रसाईली, वडा नम्बर ७ का वडा अध्यक्ष राम बहादुर क्षेत्री थापा, नेकपाका रामचन्द्र उपाध्याय, नेपाली कांग्रेसका नगर सभापति माधव भट्टराई, नेकपा नगर संयन्त्रका सदस्य खुम बहादुर विक, राष्ट्रिय जनमुक्ति पार्टीका जय बहादुर थापा, खैरेनी माध्यमिक विद्यालयका प्रधानाध्यापक केशवराज घिमिरे, तनहुँ उद्योग वाणिज्य संघका द्धितिय उपाध्यक्ष हरिबहादुर थापा लगायतले बोलेका थिए ।

शुक्लागण्डकी नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष कृष्ण बहादुर पौडेलको अध्यक्षता रहेको कार्यक्रममा स्वागत वडा सदस्य बुद्धि बहादुर थापाले गरेका थिए भने सञ्चालन सचिव कल्पना पौडेलले गरेकी थिइन् ।

# शुक्लागण्डकी एफएममा श्रेष्ठ

**लोकवाणी संवाददाता**
**खैरेनीटार, कार्तिक १७**

तनहुँ मिडिया नेटवर्क प्रालिद्वारा सञ्चालित शुक्लागण्डकी एफएमको अध्यक्षमा नारायणकुमार श्रेष्ठ चयन भएका छन् ।

संस्थाको शुक्रबार सम्पन्न दोस्रो साधारणसभा तथा प्रथम अधिवेशनबाट श्रेष्ठ अध्यक्षमा चयन भएका हुन् ।

समितिको उपाध्यक्षमा पूर्ण कुमार श्रेष्ठ, सचिवमा ज्योति श्रेष्ठ, कोषाध्यक्षमा शिव पौडेल, सहसचिवमा सरस्वती सिग्देल, सदस्यहरुमा आनन्द सुन्दर श्रेष्ठ, ठानप्रकाश न्यौपाने, सुजित हिराचन, बुद्धि बहादुर थापा, रघुनाथ पौडेल, सुजन श्रेष्ठ, टिकाराम श्रेष्ठ र ऋतु भुवाई चयन भएका छन् ।

यसअघि अधिवेशनको उद्‌घाटन गर्दै प्रतिनिधिसभाका सदस्य केदार सिग्देलले सुखी नेपाली समृद्ध नेपाल अहिलेको लक्ष्य रहेको बताए ।

कार्यक्रममा उत्कृष्ट स्रोताको रुपमा गिता श्रेष्ठ, उत्कृष्ट विज्ञापनदाताहरु उर्मिला राना, बालकृष्ण विक, मिन बहादुर सुनार, कृष्ण श्रेष्ठ, सञ्जिव श्रेष्ठ र उत्कृष्ट कर्मचारीको रुपमा स्टेशन म्यानेजर राजन उपाध्यायलाई सम्मान पनि गरिएको थियो ।

कार्यक्रममा शुक्लागण्डकी वडा नम्बर ३ का वडा अध्यक्ष रामकुमार श्रेष्ठ, वडा नम्बर ४ का वडा अध्यक्ष शिव कुमार श्रेष्ठ, इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक श्रवण कुमार विक, शुक्लागण्डकी एफएमका सल्लाहकार कमल मोहन घिमिरे लगायतले मन्तव्य राखेका थिए।

# सहकारी...

व्यवस्थापन समिति, कर्मचारी र शेयर सदस्यहरुको प्रयासले मात्र सहकारी संस्था सफल हुने भनाई व्यक्त गरे ।

कार्यक्रममा जिल्ला सहकारी संघका सचिव मदन पण्डितले अहिलेको नयाँ कानुनले सहकारी क्षेत्रलाई विचलन गराउन खोजेको महशुस भएको उल्लेख गदै कानुनका विषयलाई सवैले वुझ्नुपर्ने विषयमा जोड दिए । कार्यक्रममा उत्कृष्ट बचतकर्तातर्फ सावित्री खनाल र उत्कृष्ट ऋणी तर्फ पार्वता अधिकारीलाई नगद पुरस्कारद्वारा सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष वृषराज श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष देवकुमार श्रेष्ठले आर्थिक प्रतिवेदन तथा सचिव उदय तिमल्सेनाले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

व्यापारसंगै गरौ विज्ञापन

फेन्सी, कपडा पसल, टेलर्स, हस्पिटल, स्कुल, लगायत तपाईको कुनै पनि व्यवसाय तथा कार्यक्रमका लागि चाहिने गुणस्तरीय फाईबर व्याग तथा पेपर व्याग प्रिन्ट गर्नका लागि हामीलाई सम्झनुहोस ।




अन्य प्रिन्ट सेवाहरु :
जर्सी, टि-सर्ट, कुसन, घडि, टाईल्स, कप, कि-रिङ्ग, भिजिटिङ्ग कार्ड, फ्लेक्स्, फोटो, बिल, आइडी कार्ड, कलर प्रिन्ट लगायत स्क्रीन प्रिन्ट्का सम्पुर्ण कामहरु गरिन्छ ।
हामी कहाँ सादा फाइबर सपिङ्ग व्याग तथा सादा टि-सर्ट होलसेल मुल्यमा पाईन्छ ।

मल्ल प्रिन्ट्स
व्यास-४, दमौली, (व्यास अस्पताल नजिकै)
प्रो. प्रदिप मल्ल: ९८४६६१४३८८, ९८०५९८५७४००
www.facebook.com/mallaprints

फेरी खुल्यो, अमेरीका जाने चिठ्ठा !
EDV 2020
भोली होइन आजै भर्नुहोस ।
भरे पर्न सक्छ, नभरे पर्दै पर्दैन ।
असोज १७ गते बाट
कार्तिक २० गते सम्म
फर्म पाइने स्थान:
Golden Computer
Vyas-2 Damauli
065-562512
9846170254
9819127918

भरोसा स्वास्थ्य क्लिनिकको सूचना

१) अन्नपूर्ण हस्पिटल पोखराका वरिष्ठ बालरोग विशेषज्ञ **डा. विधान घिमिरे**द्वारा स्वास्थ्य परीक्षण
(**प्रत्येक शनिबार**)

२) गण्डकी अस्पताल र मेट्रोसिटी हस्पिटल पोखराका वरिष्ठ फिजिसियन पेट, छाती, मुटु, सुगर, थाइराइड विशेषज्ञ **डा. सचिन ढकाल**द्वारा स्वास्थ्य परीक्षण। (**प्रत्येक महिनाको पहिलो शनिबार**)

भरोसा स्वास्थ्य क्लिनिक
व्यास-२, गणेशमानचोक, दमौली
(विद्यार्थी पुस्तक पसलसँगै) सम्पर्क : ९८४११२७६५७

# बन्दिपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बन्दिपुर, तनहुँ

## बन्दिपुर गाउँपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा आदि) उत्खनन् तथा विक्री सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७५/७/१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान(दफा ११ र ६४) एवं बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ.व.२०७५/०७६ को लागि तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी बन्दिपुर गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका शीर्षकहरुमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चूक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गरी रितपुर्वकको गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

**नदिजन्य पदार्थ संकलन, विक्री तथा उत्खनन् कर:**

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | घरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ३/०७५/०७६ | खण्ड क. बन्दिपुरगाँउपालिका वार्ड नं ६ भएर वग्ने (ढापघाट सेती नदी वायाँ किनारा( सेती नदिको ढुंगा गिटि बालुवा) | ४७,४१,६३२।०० (सड्चालिस लाख एकचालिस हजार छ सय बत्तीस रुपैयाँ) | ३०००।- (तिन हजार) | कबोल अङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| ४/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ भरुटेनी(ढुंगा, गिटी, बालुवा ) | ५,९२,७०४।०० (पाँच लाख बयानब्बे हजार सात सय चार रुपैयाँ) | | | |
| ५/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ सिसरेढुंगा, गिटी, बालुवा ) | १२,१८,३३६।०० (बाह्र लाख अठार हजार तीन सय छत्तिस रुपैयाँ) | | | |
| ६/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ माथिल्लो सराङ्ग सेतीनदीको ढुंगा, गिटी, बालुवा ) | १३,३३,५८४।०० (तेह्र लाख तेत्तीस हजार पाँच सय चौरासी रुपैयाँ) | | | |
| ७/०७५/०७६ | खण्ड ख. बन्दिपुरगाँउपालिका वार्ड नं ६ भएर वग्ने चुनपोखरी,सेतीनदी वायाँ किनारा(नदिको ढुंगा गिटि बालुवा) | १८,५२,२००।०० (अठार लाख बाउन्न हजार दुई सय रुपैयाँ) | | | |
| ८/०७५/०७६ | बन्दिपुर गा.पा.वन्दिपुर ६ तल्लो सराङ्ग सेतीनदीको ढुंगा, गिटी, बालुवा ) | १६,४६,४००।०० (सोह्र लाख छयालिस हजार रुपैयाँ) | | | |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५औं दिन(२०७५।०८।०२गते) सम्म कार्यालय समय भित्र रु ३०००।- फिर्ता नहुने गरि तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ। यस कार्यालयबाट खरिद भएका बोलपत्र फारामहरु भरी सिलवन्दी गरी १६औं दिन(२०७५।०८।०३गते)को दिउँसो १२.००बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। नियमानूसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कूनै वाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन्।

२. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम बोलपत्रदाता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तूर बुझाई खरिद गर्नूपर्नेछ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखानम्वर/मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

५. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा५(पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहुँ स्थित धरौटी खाता०६००३००००००००३०००१४मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यसकार्यालयको नाममा जारी गरेको सोही रकम बरावरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र गोप्यसिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ। कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

६. यसपुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको वोलपत्रलाईमान्यता दिईने छैन, तर वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा वोलपत्र पेश गर्न कुनै वाधा पर्नेछैन।

७. बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको बैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ।

८. स्वीकृत ठेक्का अंङ्कलाई ३(तिन) किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रोकिस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्भौताको वखत दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७६ श्रावण मसान्त सम्म मान्य हूने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड)पेश गर्नुपर्नेछ। ५०% प्रतिशत रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेशगरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

९. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर(VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुलसम्झौता रकम कायम गरिनेछ।

१०. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशतसम्म छुट दिन सकिनेछ।

११. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिनेछैन।

१२. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. वोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र वोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ।

१४. बन्दिपुर गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्र बाहेकका सेती नदी दायांबाया किनारको ढुंगा, गिटी, बालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशुल गर्नूपर्नेछ, तर नदीनालाको पुल तल माथी दुबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइनेछैन। त्यसैगरी व्यक्तिको निजीस्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गाबाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइनेछैन।

१५. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ।

१६. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जे.सि.बि. र ६ टायर भएका भन्दा ठूला हेभी उपकरण प्रयोग गर्न पाईनेछैन।

१७. ढुंगा, गिटी, बालूवा, दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहुँदासम्म गर्न पाईनेछैन।

१८. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो गा.पा. कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सूधार गर्नुपर्नेछ।

१९. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनाका लागि प्राकृतिक स्रोत साधनको मुल्य प्राविधिक स्टिमेटमा घटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्धगराउनू पर्नेछ।

२०. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागि गा.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरिने नदिजन्य पदार्थको निकासिकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।

२१. पानीले भिजेको र पानी चूहाएर ढूंगा, गिटी, वालूवा, दहत्तर, वहत्तर वोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइनेछैन।

२२. ढूवानी साधनले वहन गर्न पाउने तौल भन्दा बढि तौल राखी वा न्यून विलकारी ढूवानीका साधन सडकमा गूडाउन र नछोपी खूल्ला रुपले ढूवानी गर्न पाईनेछैन।

२३. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार सामान्यतयाः आषाढ, श्रावण महिना र भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्यपदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पूर्ण रुपले पालना गर्नुपर्नेछ। तर ठेक्का प्रक्रिया विविध कारणले ढिला भएमा सम्झौताको म्यादबाट मात्र नदिजन्यपदार्थ उत्खनन् तथा संकलन गर्न पाइनेछ।

२४. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाईने छैन, त्यसका लागि वोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गनुपर्नेछ।

२५. कुनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदिजन्यपदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कूनै विवाद उत्पन्न भएमा वोलपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

२६. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउंपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईनेछ। साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुलउपर गरिनेछ।

२७. यो ठेक्कासँग सम्बन्धित सम्पूर्ण सरोकारवालाको सुविधाका लागि सुचना प्रकाशित मितिको १० दिन प्रि.विड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ।

२८. विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. 065520177 सम्पर्कगरी जानकारी लिन सकिनेछ।

# वेदव्यास...

वेदव्यासको जन्मभूमि दमौलीलाई विश्व माझ चिनाउने उद्धेश्यले आयोजित महामिलन पर्व कात्तिक ३० गतेसम्म चल्नेछ।

प्रतिष्ठानका अध्यक्ष कृष्णकान्त काफ्लेले महामिलन पर्वमा सहभागी हुन देश तथा विदेशबाट समेत भक्तजनको उपस्थिति रहने गरेको जानकारी दिए। उनका अनुसार केही दिन अघि मात्रै अमेरिकाबाट समेत भक्तजनको उपस्थिति रहेको थियो। शनिबार नै काठमाडौंबाट कल्याणी माता समेत महामिलन पर्वमा सहभागी भएको उनले बताए।

गत वर्ष कार्तिक १ गतेदेखि १८ महिनासम्म अखण्ड हरिकिर्तन गरिएको यस ठाउँमा त्यसैको निरन्तरता स्वरुप अब प्रत्येक वर्ष कार्तिक महिनामा यो कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ।

पर्वका अवसरमा महर्षि वेदव्यासले रचना गरेको वेदको बारेमा समेत भक्तजनलाई जानकारी गराउने गरिएको छ। महामिलन पर्वका अवसरमा वैदिक सनातन विधि अनुसार हिरण्यगर्भ भगवानी श्रीशालिग्राम तथा पञ्चायन देवताहरुको षोडशोपचारले पूजा, वेद विभिन्न पुराण, रुद्री, चण्डि आदिको पाठ, धर्म गुरुहरुबाट दैनिक धार्मिक प्रवचन लगायतका कार्यक्रमहरु सञ्चालन भइरहेका छन्।

# गैसस...

सामाजिक रुपान्तरणको क्षेत्रमा क्रियाशिल बन्नु पर्ने बताए। गैससहरुले नागरिकलाई अधिकारको कुरा मात्र नभई दायित्वको बारेमा पनि सचेत बनाउनु पर्नेमा प्रमुख वाग्लेको जोड थियो।

गैसस महासंघ नेपालका केन्द्रीय सचिव रामप्रसाद सुवेदीले सामाजिक र आर्थिक रुपान्तरण प्रक्रियामा गैससहरुको महत्वपुर्ण योगदान रहेको बताए। राज्यको गैससलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नहुँदा नेपालमा सामाजिक आन्दोलन पछि परेको उनको भनाई थियो।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का जिल्ला संयन्त्रका सदस्य श्रीप्रसाद श्रेष्ठले सुखी नेपाली समृद्ध नेपाल बनाउने अभियानमा गैससहरुले सरकारसँग हातेमालो गर्नु पर्ने बताए। गैसस महासंघ नेपालका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशका इन्चार्ज देवीप्रसाद तिमिल्सेनाले दिगो विकास लक्ष्य प्राप्तीको अभियानमा गैससहरु सरकारसँग हातेमालो गरेर जान तयार रहेको बताए। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक श्यामु अर्यालले गैससहरु माथि लाग्ने गरेको आरोप खन्डन गर्ने गरि पारदर्शी रुपमा काम गर्नु पर्ने बताए।

शाखा अध्यक्ष रामलिला सुवर्णकारको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा गैसस महासंघका गण्डकी प्रदेश सचिव राजेन्द्र पौडेल, तनहुँ शाखाका पूर्व अध्यक्ष प्रेमप्रसाद पौडेल, प्रदेश कमिटि सदस्य तारा थापा, सेतो गुराँस बाल विकास सेवा केन्द्रका अध्यक्ष रामनाथ भट्टराई, परिवर्तनशिल समाज भानुकी अध्यक्ष कान्छीमाया तामाङ, तनहुँ सहयोगी समुहका श्रीराम कडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए। सो कार्यक्रमको सञ्चालन कोषाध्यक्ष सरलादेवी श्रेष्ठले र स्वागत उपाध्यक्ष प्रकाशचन्द्र भट्टराईले गरेका थिए।

## जागौं युवा क्रिकेट प्रतियोगिता शुरु

लोकवाणी संवाददाता
**दमौली, कार्तिक १७**

जागौं युवा नेपाल तनहुँको आयोजनामा व्यास नगरपालिका-१० स्थित वैरेनीमा आजदेखि प्रथम जागौं युवा खुल्ला क्रिकेट प्रतियोगिता शुरु भएको छ । युवाहरुलाई क्रिकेटमा आकर्षित गराई क्रिकेटको विकास गर्ने उद्धेश्य सहित क्लवले क्रिकेट प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगिता अन्तर्गत आयोजक जागौं युवा क्लव र व्यास नगरपालिका-२ स्थित वाइल्ड स्टोन क्लवबीच भएको पहिलो खेलमा आयोजक ९ विकेटले विजयी भएको छ ।

त्यसैगरि मुग्लिङ क्रिकेट क्लव र शुक्लागण्डकी नगरपालिकास्थित तालवेशी युवा क्लवबीच भएको दोस्रो खेलमा मुग्लिङ क्रिकेट क्लव १३ रनले विजयी भएको आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले क्रिकेट खेलको विकासका लागि नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले क्रिकेटकै कारण नेपाल विश्वमाझ चिनिन सफल भएको समेत बताए ।

कात्तिक २० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १० टिमको सहभागिता रहेको छ । प्रतियोगितामा विजेता र उपविजेता टिमले क्रमशः रु. २५ हजार र रु. १२ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै म्यान अफ दि टुर्नामेन्टलाई रु. २ हजार, सर्वाधिक रनरलाई रु. १ हजार र सर्वाधिक विकेटरलाई रु. १ हजार प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

## राष्ट्रसेवक ...

क्रमशः कृपाहरि लौडारी, जानकी भट्टराई र पुष्प खनाल चयन भएका छन् । त्यसैगरि सदस्यहरुमा होमबहादुर भण्डारी, रिमा थापा, धनमाया धिमाल, महादेव बराल र झलकबहादुर विक सर्वसम्मत चयन भएका छन् । त्यसैगरि लेखा समितिको संयोजकमा ज्ञाननारायण श्रेष्ठ र सदस्यहरुमा श्रीकान्त न्यौपाने र मुक्तिराम पौडेल चयन भएका छन् भने संस्थागत प्रतिनिधिहरुमा तनहुँ बचत संघबाट चन्द्रबहादुर थापा, राष्ट्रिय सहकारी बैंकबाट रामचन्द्र पण्डित र जिल्ला सहकारी संघको प्रतिनिधिमा रमाकान्त खनाल रहेका छन् ।

अधिवेशनको नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष केदारप्रसाद देवकोटाले उद्घाटन गरेका थिए । सो अवसरमा बोल्दै देवकोटाले देश संघीय संरचनामा गएपछि कर्मचारीहरुको समायोजनको मुद्धा सबैभन्दा जटिल रहेको बताए ।

अहिले देश स्थिरतामा हिडेको हुँदा सम्पूर्ण निजामती कर्मचारीहरुले पनि सरकारलाई सहयोग गर्नु पर्ने देवकोटाको भनाई थियो ।

सहकारीका अध्यक्ष वाग्लेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा निजामती कर्मचारी संगठनका केन्द्रीय उपाध्यक्ष घनश्याम सापकोटा, केन्द्रीय सदस्यहरु रामचन्द्र पाण्डित, रेनुका पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी तुल्सीराम पौडेल, निजामती कर्मचारी संगठन तनहुँका अध्यक्ष रुद्रसिंह ठकुरी, सहकारीका पूर्व अध्यक्ष राममणी ढुंगाना लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## बीपी विचारको विशेष बैठक सम्पन्न

लोकवाणी संवाददाता
**दमौली, कार्तिक १७**

बीपी विचार समाज तनहुँको विशेष बैठक शनिबार दमौलीमा सम्पन्न भएको छ । समाजका कार्यवाहक सभापति डिल्लीराम अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकलाई सम्बोधन गर्दै समाजका केन्द्रीय सह-सभापति गोविन्दराज जोशीले बीपीको विचार र सिद्धान्तलाई अपव्याख्या गरेका कारण कांग्रेस कमजोर हुँदै गएको बताए ।

नेपाली कांग्रेसका प्रत्येक कार्यकर्ताको कर्तव्य नेपाली कांग्रेसलाई बीपीले देखाएको बाटोमा हिँडाउनु रहेको समेत उनले बताए । बैठकले समाजका सचिव हरिशरण पण्डितले पेश गरेको प्रतिवेदन स्वीकृत गरेको छ ।

बैठकले बीपी विचार समाज तनहुँको क्षत्र नम्बर १ का सभापति ामदेव पन्थले पेश गरेको उपसभापति भिम कुमार श्रेष्ठ र सचिव राजु बानियाँ समेत रहेका २१ सदस्यीय क्षेत्रीय समितिलाइ समर्थन गर्दै समितिमा थप घटगर्ने र समितिलाई आवश्यकता अनुसार पुर्नगठन गर्ने अधिकार सभापतिलाई दिने निर्णय गरेको छ ।

त्यस्तै क्षेत्र नम्बर २ का सभापति ईन्द्र पौडेलले पेश गरेको उपसभापति लेम बहादुर थापा र दिपेन्द्र सेन ठकुरी र सचिव मदन थापा समेत २१ सदस्यीय क्षेत्रीय समितिलाई समर्थन गर्दै समितिमा थपघट गर्ने र समितिलाई पुर्नगठन गर्ने अधिकार सभापतिलाई दिने निर्णय गरेको छ ।

# भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुम्रेटार, तनहुँ, गण्डकी प्रदेश

### तनहुँ जिल्लाको भानु नगरपालिका अन्तर्गत मर्स्याङ्दी नदीबाट ढुंगा, गिटी र बालुवाको संकलन गर्ने सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको शिलशिलामा राय सुझावको लागि जारी गरिएको सार्वजनिक सूचना

**प्रस्तावकको नाम** : भानु नगरपालिका, फुम्रेटार, तनहुँ, गण्डकी प्रदेश
**प्रस्तावको नाम** : ढुंगा, गिटी, बालुवा संकलन उत्खनन् गर्ने बारे सरोकारवालाबाट सुझाव लिने सूचना
**संकलन क्षेत्र** : जयबुद्धघाट (खहरे)-भानु ३, अधेरीघाट भानु १, बुडुवाघाट भानु २, कुरकुना भानु-३, रयाले घाट भानु १०, ढकुर्दीघाट भानु ३, चुँदी मर्स्याङ्दी दोभान घाट भानु १, लखु ढुंगा घाट भानु १०

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट वातावरण संरक्षण नियमावली २०५४ को नियम ५ बमोजिम स्वीकृत भएको कार्यसूचीको आधारमा अनुसूची ५ बमोजिमको ढाँचामा तयार हुने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी प्रतिवेदनको तयारीको शिलशिलामा नियम ७ को उपनियम २ बमोजिम प्रस्तावको कार्यान्वयनबाट त्यस क्षेत्रको जैविक, भौतिक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा १५ (पन्ध्र) दिनभित्र लिखित रायसुझाव दिनको लागि यो सूचना प्रकाशित गरिएको छ । तसर्थ सम्बन्धित वडा, नगरपालिका, गाउँपालिका, जिल्ला समन्वय समिति वा सरोकारवाला व्यक्ति वा संघसंस्थालाई यो सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिनभित्र तल उल्लेखित ठेगानामा लिखित रायसुझाव पठाइदिनुहुन अनुरोध छ ।

**सुझाव पठाउने ठेगाना**
भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय
फुम्रेटार, तनहुँ, गण्डकी प्रदेश
फोन : ९८२६१५४२२८

# देवघाट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ, गण्डकी प्रदेश

### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

देवघाट गाउँपालिका भएर बग्ने कालीगण्डकी, त्रिशुली र सेती नदीको तपसिल बमोजिमको क्षेत्रहरुबाट दिगो रुपमा नदीजन्य प्राकृतिक पदार्थहरु ढुंगा, गिटी, बालुवा उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन त यार गर्ने कार्यको शिलशिलामा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ को अनुसूची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रस्ताव कार्यान्वयन हुने तपसिलका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्न सक्ने वातावरणीय तथा अन्य प्रभावहरुको सम्बन्धमा आफ्नो राय, सल्लाह, सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तल उल्लेखित ठेगानामा आफ्नो अमूल्य राय, सल्लाह एवं सुझाव लिखित रुपमा उपलब्ध गरि सहयोग गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**
देवघाट गाउँपालिका वडा नं. १, कालीगण्डकी नदीको चापखोला, सिद्धखोला, वर्षाखोला, कोठीघाट, बालुवाधारा, भतेरी क्षेत्र, वडा नं. २ को कालीगण्डकी नदीको दरङ्गखोला, चिण्डेखोला, खाल्टे र सेती नदीको मास्दीघाट, छेरङ्गखोला, गर्बङ्गखोला, वडा नं. ३ को सेती नदीको साराङघाट, डाल्दीघाट, वडा नं. ४ को त्रिशुली नदीको गाईघाट

**राय सुझाव पठाउने ठेगाना**
१) देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
२) सम्बन्धित वडा कार्यालयहरु


'अमुल्य भाषा, संस्कृतिको संरक्षण गरौ । भाषा,संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौ ।'

महोत्सवका मुख्य आकर्षण
- आदिवासी नमुना गाउँ ।
- विभिन्न जातजातीका खानाका स्टल।
- आदिवासी जनजातीका संस्कृती प्रदर्शनी ।
- ऊँटको नृत्य ।
- बिज्ञान तथा शैक्षिक प्रदर्शनी ।
- फोटो प्रदर्शनी ।
- मादीसेती नदीमा जलबिहार ।
- निशुल्क स्वास्थ्य शिविर ।
- राष्ट्रिय तथा स्थानीय कलाकार तथा हास्यकलाकारको प्रहसन/प्रदर्शनी।
- कौरा तथा लोकदोहोरी प्रतियोगिता ।
- धार्मिक तथा ऐतिहासिक स्थलको अवलोकन तथा प्रबर्द्धन ।
- कृषि तथा घरेलु उत्पादनको प्रदर्शनी तथा बिक्री कक्ष ।
- अटो मोबाइल प्रदर्शनी तथा बिक्री ।
- रमाइलो मेला
- सुचना प्रविधी प्रदर्शनी ।




सह- आयोजक :
नेपाल मगर संघ तनहुँ, तमु ह्यूल छोंज धिं, नेवाः खल, दरै समाज, भुजेल समाज, तामाङ घेनुङ्ग समाज, दुरा समाज, कुमाल समाज, बोटे समाज, राई समाज, थकाली समाज, चेपाङ समाज

आयोजक
नेपाल आदिवासी जनजाती महासंघ
जिल्ला समन्वय परिषद, तनहुँ

सम्पर्क : ९८५६००४४४०, ९८४६०४०३३१, ९८४६३१७८७९, ९८४६०६२४५१



खानाका पारखीहरुको लागि एक मात्र गन्तव्य

लुम्बिनी थकाली भान्साघर एण्ड लज

हाम्रा सेवाहरु
- लोकल कुखुराको स्वादमा स्पेशल नेपाली खाना
- माछा तथा कुखुराका पोलेका परिकारहरु
- सिस्नोको साथमा फापर तथा कोदोको ढिडो
- च्याउको मम तथा अन्य परिकारहरु
- सफा, सुन्दर, शान्त वातावरण तथा पर्याप्त पार्किङ्गको सुविधा
- सेमिनार तथा आरामदायी बासको व्यवस्था



होम डेलिभरीको समेत व्यवस्था

लुम्बिनी थकाली भान्साघर एण्ड लज
व्यास-१, तालघरे, तनहुँ
सम्पर्क ९८०६७७४८३८


लोकवाणी पब्लिकेशन प्रा.लि. का लागि **अध्यक्ष/प्रधान-सम्पादक** : प्रेमप्रसाद पौडेल, **सम्पादक** :प्रकाशचन्द्र भट्टराई, **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी (९८४६२७४६३६)
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली Email : lokwanidaily@gmail.com, मुद्रणःविज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४